भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) अनुसार प्रकाशित

२०८० माघ १ गते देखि २०८० चैत्रमसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मितिः २०८१ बैसाख १६ गते

प्रकाशकः
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन
फोन नं. ०५६५१०१६७, ०५६५११४६७, ०५६५१५७७१
फ्याक्स नं. ०५६५१५७७१
टोल फ्री नं. १६६०५६५२२२२
वेवसाईटः www.bharatpurmun.gov.np
ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्लाः चितवन
- स्थापना मितिः २०३५ साल
- क्षेत्रफलः ४३२.९५ बर्ग कि.मी.
- वडा संख्याः २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- परिवार संख्याः ९६५९१ जनसंख्याः ३६९२६८ महिलाः१९०३७१ पुरुषः१७८८९७ साक्षरता प्रतिशतः ८७.२० (जनगणना २०७८ बमोजिम)
- कार्यरत कर्मचारी संख्याः ७६९
- औसत तापक्रमः न्यूनतम १०० से. देखि अधिकतम ४००.०० से. सम्म
- विद्यालयः प्रा. वि. ६०, नि. मा. वि. ३६, मा. वि. ८१, उच्च मा. वि. ३९, विश्व विद्यालय १ र इन्जिनियरिङ्ग कलेज १

## २. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको स्वीकृत दरबन्दी जम्मा ८८९ रहेकोमा हाल ७६९ जना कार्यरत रहेका छन् ।

## ४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि

| क्र.स. | सेवाको किसिम | जिम्मेवार अधिकारी | लाग्ने समय | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १ | घर जग्गा नामसारी | वडा अध्यक्ष | सोहि दिन | २००० |
| २ | मोही लगत कट्टा | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३ | घर कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ५ | बिपन्न बिद्यार्थी छात्रवृत्ति सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ६ | अपांङ्गता भएका व्यक्तीको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ७ | अस्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ८ | स्थायी बसोबास सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ९ | नागरिकता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| | नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १० | अंगिकृत नागरिकता सिफारिस | वडा अध्यक्ष | सर्जमिन सहित ३ दिन | १५०० |
| | अंगिकृत नागरिकता प्रतिलिपी सिफारिस | वडा अध्यक्ष | | १००० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १२ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| १३ | विद्युत जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० (व्यवसायिक प्रयोजन १०००) |

| | | | | |
|---|---|---|---|---|
| १४ | धारा जडान सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १५ | जीवित रहेका सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १६ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/ फरक जन्म मिति संशोधन सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १७ | जग्गा मूल्यांकन सिफारिस/प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | जग्गा मूल्यांकनको आधारमा |
| १८ | व्यवसाय बन्द सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| १९ | व्यवसाय संचालन नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २० | ब्यापार व्यवसाय नभएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २१ | कोर्ट फि मिनाहा सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २२ | नाबालक परिचय पत्र सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २५ | उद्योग ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २६ | विद्यालय ठाउँ सारी सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| २७ | आन्तरिक बसाइसराइ सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| २८ | सामुदायिक विद्यालय संचालन, स्वीकृत/कक्षा बृधि सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३० | जग्गा दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३४ | जिवितसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३५ | मृतकसँगको नाता प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १०० |

| | | | | |
|---|---|---|---|---|
| ३६ | कोठा खोल्न कार्य/रोहवरमा बस्ने कार्य | वडा अध्यक्ष | सोहि दिन | १५०० |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | वडा अध्यक्ष | सोहि दिन | निशुल्क |
| ३८ | अन्य कार्यालयका माग अनुसार विवरण खुलाइ पठाउने कार्य | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ३९ | संस्था दर्ता सिफारिस | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४० | घर बाटो प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | २००० |
| ४१ | चार किल्ला प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १६०० |
| ४२ | जन्म मिति प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४३ | बिवाह प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४४ | घर पाताल प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४५ | कागज/मंजुरीनामा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४६ | हक वाला वा हकदार प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ४७ | अबिवाहित प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | १००० |
| ४८ | जग्गा रेखांकन कार्य/सो कार्यमा रोहवर | वडा अध्यक्ष | सोहि दिन | |
| ४९ | जग्गाधनी पुर्जा हराएको सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५० | पुर्जामा घर कायम गर्ने सिफारिस | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | वडा अध्यक्ष | सोहि दिन | ५०० |
| ५३ | सम्पति कर/ घर जग्गा कर | वडा सचिव | सोहि दिन | मुल्यांकनको आधारमा |
| ५४ | बहाल कर व्यापारिक प्रयोजन | वडा सचिव | सोहि दिन | सम्झौताको आधारमा ७ प्रतिसत |
| ५५ | विज्ञापन कर | वडा सचिव | सोहि दिन | महानगरले तोके बमोजिम |
| ५६ | जन्म दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |

| | | | | |
|---|---|---|---|---|
| ५७ | मृत्यु दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५८ | बसाइसराइ जाने आउने दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ५९ | सम्बन्ध विच्छेद दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६० | बिवाह दर्ता | वडा सचिव | सोहि दिन | ३५ दिन भित्र निशुल्क |
| ६१ | नयाँ व्यवसाय दर्ता | वडा सचिव | सोहि दिन | ब्यबसायको प्रकृति हेरी |
| ६२ | व्यवसाय नवीकरण | वडा सचिव | सोहि दिन | तोकिए बमोजिम |

### ५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

### ६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्र कुमार राना समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

### ७. २०८० माघ १ देखी चैत्र मसान्तसम्म महाशाखा एवम् शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु

**मुख्य आयोजनाहरू (गौरवका आयोजनाहरू)**

**गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशाला**

- भरतपुर महानगरपालिकाको गौरवको आयोजनाको रूपमा रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको बाँकी कार्य सम्पन्न गर्ने उदेश्यले भरतपुर महानगरपालिका र बागमती प्रदेश सरकारको संयुक्त आर्थिक लगानीमा प्रथम चरणको ठेक्का आह्वान भई मूल्याङ्कनको चरणमा रहेको छ भने विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा आन्तरिक तथा अन्तर प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भई रहेको छ ।साथै बागमती प्रदेश खेलकुद परिषद्को आयोजनामा

प्रथम अन्तर प्रदेश स्तरीय राष्ट्रिय खेलकुद प्रतियोगिता २०८० सञ्चालनमा रहेको छ जुन नयाँ वर्ष २०८१ सम्म चल्ने छ ।चितवन जिल्लाकै पहिलो खेलकुद प्रतियोगिता भएको हुँदा देशैभरिका सम्पूर्ण खेलाडीहरू र खेलप्रेमी महानुभावहरूको उपस्थिति रहेको छ ।

**नारायणी तटबन्धन**

- आम महानगरपालिकाको सरोकार र समस्याको रूपमा रहेको नारायणी नदीको तटबन्धको कार्य महानगरपालिकाको पहलमा नेपाल सरकारबाट विभिन्न खण्डमा रू २ अर्ब ५४ करोड ५० लाखको लागतमा ठेक्का सम्झौता भई नारायणी तटबन्ध आयोजना मार्फत कार्य भईरहेको छ ।

**महानगरपालिकाको प्रशासकीय भवन**

- संघीय सरकार, प्रदेश सरकार र भरतपुर महानगरपलिकाको संयुक्त साझेदारीमा सुविधासम्पन्न भरतपुर महानगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य तीव्र गतिमा भईरहेको छ हालसम्म भौतिक प्रगति ५० प्रतिशत छ भने वित्तीय प्रगति ४० प्रतिशत रहेको छ ।

**भरतपुर भ्रमण बर्ष सन् २०२४**

- भरतपुर भ्रमण बर्ष सन् २०२४ को फाल्गुण १८ गते बिहीबार औपचारिक उद्घाटन भएको छ । नारायणी नदी किनारमा भव्य समारोहका बीच सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूले उद्घाटन गर्नु भएको थियो । संघीय सरकारका पूर्व प्रधानमन्त्री, मुख्यमन्त्री, उपउप्रधानमन्त्री, प्रदेश मन्त्रीहरू, स्थानीय निकायका प्रमुख लगायत लाखौं जनसागरको उल्लेख्य उपस्थितिमा भव्य रूपमा उद्धघाटन सम्पन्न भएको छ । समारोहमा पूर्व प्रधानमन्त्रीज्यूहरू एवं राष्ट्रिय राजनितिक दलका शीर्ष नेताहरूको उपस्थितिले राष्ट्रिय एकताको सन्देशसहित भरतपुरलाई राष्ट्रिय तथा अन्तर्रास्ट्रिय स्तरमा चिनाउन सफल भएको महसुस गरिएको छ । विभिन्न जातजातिहरूका भेष भुषा, झाँकी कला प्रदर्शन सहितको ऱ्यालीले समेत महानगरवासीको जातीय सद्भाव तथा साँस्कृतिक वैभवलाईसमेत उजागार गरेको छ। **घुमौं भरतपुर** भन्ने नाराका साथ सन् २०२४ मा ५ लाख आन्तरिक तथा २ लाख बाह्य पर्यटक भित्र्याउने उद्देश्य रहेको छ ।
- मिति २०८० साल फागुन १८ गते भव्य समारोहका बिच सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूबाट समुद्घाटन सम्पन्न गरिएको छ।
- भरतपुर भर्मण वर्ष सन् २०२४ लाई लक्षित गर्दै भरतपुरको आँपटारीमा रहेको ऐतिहासिक दियालो बङ्गला सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल ट्रष्ट र भरतपुर महानगरपालिका बिच सम्झौता भई दियालो बंगाला सर्वसाधारणले अवलोकन गर्न पाउने गरी आगामी २०८१ बैशाख भित्र खुला गरिने भएको छ भने हाल उक्त क्षेत्रमा मर्मत कार्य भइरहेको छ ।

- पर्यटकीय गन्तव्यको रूपमा भरतपुर भ्रमण वर्ष २०२४ को थप एक अनुपम पर्यटकीय गन्तव्यको रूपमा भरतपुर घुम्न आउने पर्यटकलाई पाटे बाघ देखाउने उद्देश्यले भरतपुर महानगरपालिका र चितवन राष्ट्रिय निकुञ्जको समन्वय र सहयोगमा भरतपुर ६ देवनगरमा रहेको दक्षिणकाली मध्यवर्ती सामुदायिक वनमा वन्यजन्तु उद्धार केन्द्र (केज) निर्माण गरी बाघ स्थानान्तरण कार्य सम्पन्न भएको छ भने गैडा व्यवस्थापन केन्द्र निर्माणको कार्य सम्झौता भई अगाडि बढेको छ ।भरतपुर २२ मा बोटे पार्क (स्टोन पार्क) को कार्य सम्पन्न हुने चरणमा रहेको छ।
- भ्रमण वर्षलाई मध्य नजर गरी चिडियाखाना निर्माणको लागि बोलपत्र आह्वान गरिएकोमा उक्त कार्यको सम्झौता भई १५ % भौतिक र १०% वित्तिय प्रगति भएको छ ।
- भरतपुर भ्रमण वर्ष २०२४ को अवसरमा विदेशी पर्यटकहरूको पनि बाक्लो उपस्थितिमा भरतपुर महानगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको संयुक्त आयोजनामा दुर्लभ घडियाल गोही राप्ती नदीमा छाड्ने कार्य सम्पन्न भएको छ ।

**पुंगीखोला**

- भरतपुर (वडा नं ११,२,३,४) भई बग्ने ६.६५ कि.मि. लामो पुंगी खोलाको संरक्षणका लागि थालिएको सिमाङ्कन कार्य सम्पन्न भई Master plan अनुसार खोलालाई Beautification, foot – trail र River-Corridor लगायतका निर्माण कार्य तीव्र गतिमा भईरहेको छ। यस वर्षको ठेक्का मार्फत् भइरहेको कार्यको हालसम्म ३५ प्रतिशत भौतिक तथा ३० प्रतिशत वित्तीय प्रगति भएको छ ।

**फाउण्डेसन सहित मेशजाली**

- संघीय सरकारको विशेष अनुदानमा जंगली जनावरका कारण हुने मानवीय तथा बालीनालीको क्षतिलाई न्युनीकरण गर्न वडा नं. २७ र २८ मा फाउण्डेसनसहितको मेसजाली लगाउन बोलपत्र मार्फत ठेक्का स्विकृत भई २ करोड ७९ लाख रूपैया कबोल रकम बराबर निर्माणको चरणमा रहेको योजनाको २४ प्रतिशत भौतिक र २० प्रतिशत वित्तीय प्रगति भएको छ ।

**केरूङ्गा नाला सौन्दर्यिकरण**

- केरुंगा नाला सौन्दर्यीकरण कार्यको लागि रू २ करोड ३५ लाख रकमको सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ ।

**शवदाह गृह**

- पवित्र तीर्थस्थल देवघाटधाममा शवहरूको व्यवस्थापनको लागि विद्युतीय शवदाह गृह निर्माणको कार्य अन्तिम चरणमा रहेको ।

**उज्यालो भरतपुर कार्यक्रम**

- उज्यालो भरतपुर कार्यक्रम अन्तर्गत नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा महानगरका मुख्य सडक तथा बजार क्षेत्रहरूमा स्मार्ट सडक बत्ति, हाई मास्ट एवम् मिनी मास्ट बत्ति जडान र विस्तारको कार्य भईरहेको छ ।

**सिचाईं आयोजना**

- भूमिगत जल सिंचाइ आयोजना र भरतपुर महानगरपालिकाबाट डिप बोरिङ, स्यालो ट्युवेलका माध्यमबाट हालसम्म ७००० बिगाहामा सिँचाई सुविधा उपलब्ध गराएसँगै हरित कृषि क्षेत्रको विकास भएको छ। यससँगै पश्चिम चितवन अहिले चैते धानले हराभरा देखिएको छ।

**रिङ रोड र लिङ्क रोड**

- संघ र प्रदेश सरकारको सहयोग र सहकार्यमा महानगरपालिका भित्र निर्माणाधीन रिङरोड र लिङ्करोड निर्माण कार्य तीव्र गतिमा अगाडि बढेको छ ।

**भरतपुर विमानस्थल**

- भरतपुर बिमानस्थलको विस्तार कार्यको लागि प्राविधिक अध्ययन टोलीबाट अध्ययन भइरहेको छ भने छिट्टै विस्तारको कार्य सुचारू हुने विश्वास लिइएको छ ।

**अन्य महत्वपूर्ण कार्यहरू**

- संघीय सरकारको सहयोगमा शारदानगर, जखडीमाई, दिव्यनगर, पार्वतीपुर, मेघौली, धनगढा र चौकीडाँडा खानेपानी आयोजना निर्माण भई सञ्चालनमा आएका छन्।
- भरतपुरमहानगरपालिकाको आर्थिक सहयोगमा भरतपुर ६ मा थारू तथा मध्य पहाडी क्षेत्र साँस्कृतिक संग्राहालय निर्माणको चरणमा रहेको छ ।
- GIS को प्रयोग गरी वडा सिमाना, सडक सञ्जाल एवं सडक अधिकार क्षेत्रको वर्गीकरण खुलेको महानगर यातायात गुरूयोजना(MTMP) सम्बन्धमा सम्बन्धित सरोकारवालासँग छलफल सम्पन्न भई अन्तिम चरणमा रहेको छ ।
- भरतपुर २३ मा प्रत्यक वर्ष लाग्ने चैते दशै रामनवमी पर्व (बिक्रमबाबा मेला) सञ्चालन व्यवस्थापन तथा व्यवसायीक क्रियाकलापको नियमन सम्बन्धी विषयमा अध्ययन गर्न उप

प्रमुख चित्रसेन अधिकारीज्यूको संयोजनाकत्वमा समिति गठन भई मेला व्यवस्थापन गरिएको छ।

- भरतपुर महानगरपालिकाले सडक सफा गर्ने अत्याधुनिक ब्रुमर (यान्त्रिक कुचो), दमकल र कम्प्याटर खरिद गरी कार्यालयमा प्राप्त भएको छ ।

**शिक्षा**

- तोकिएको मापदण्ड पूरा गरेका प्रेमवस्ती माध्यमिक विद्यालय, हिमालय दण्डपाणि न्यौपाने माध्यमिक विद्यालय र जानकी माध्यमिक विद्यालयलाई नमुनाउन्मुख विद्यालयको रूपमा छनोट गरिएको छ भने भौतिक पूर्वाधार र जनशक्ति रहेका आधारमा भीमनगर माध्यमिक विद्यालय र अमर माध्यमिक विद्यालयलाई पढ्दै, कमाउँदै कार्यक्रमका लागि छनोट गरिएको छ।
- महानगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। जिल्लास्तरीय प्रतियोगितामा भरतपुर महानगरपालिका प्रथम हुन सफल भई पदक प्राप्त गरेका खेलाडीहरूलाई प्रोत्साहन रकम वितरण गरिएको छ।
- चितवन जिल्ला क्रिकेट संघको प्राविधिक संयोजनमा २० वटा माध्यमिक विद्यालय सहभागी मेयर कप क्रिकेट प्रतियोगिता भव्यताका साथ सम्पन्न भएको छ।
- सबै वडामा १५ सदस्य रहने गरी वडा युवा क्लव र ११ सदस्यीय महानगरस्तरीय युवा सञ्जाल कार्यसमिति गठन गरी युवा सञ्जालका सदस्यहरूलाई प्रशिक्षणका साथै नमूना युवा नगर सभा कार्यक्रम सम्पन्न भएको छ।
- भरतपुर-२७ मा रहेको जानकी माध्यमिक विद्यालयमा विद्यार्थीसँग मेयर कार्यक्रम सम्पन्न भएको छ।
- प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सामग्री व्यवस्थापन, सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन, सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक  शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम, तोकिएका विद्यार्थीको दिवा खाजा, विद्यालय सञ्चालन तथा व्यवस्थापन, विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन लगायतका लागि विद्यालयलाई अनुदान निकासा दिइएको छ।
- तोकिएको मापदण्ड पूरा गरेका २ वटा मन्टेश्वरी, ५ वटा विद्यालय र २ वटा धार्मिक प्रकृतिका विद्यालय सञ्चालनका लागि अनुमति दिइएको

**भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान**

- महानगरवासी ९ जना लेखकका पाण्डुलिपि मूल्याङ्कन गरी  पुस्तक प्रकाशनार्थ रू १ लाख ६० हजार रूपैया प्रोत्साहन रकम प्रदान गरिएको छ।

- महानगर वाङमय कोषका लागि २४३ जनाको विवरण संकलन, महानगर प्रज्ञा जर्नल र महानगर साहित्य दर्पण अङ्क ३ प्रकाशनको आन्तरिक  कार्य भइरहेका छन् ।
- महानगर प्रज्ञा सम्मान तथा पुरस्कार प्रदान, राष्ट्रियस्तरको कथा प्रतियोगिता आयोजना र "मेरो सपनाको भरतपुर" शीर्षकमा चितवन जिल्ला स्तरीय निबन्ध प्रतियोगिता सम्पन्न भइ विभिन्न विधाका १६ जना जना साहित्यिक स्रष्टाहरू सम्मानित/ पुरस्कृत भएका छन् ।

**स्वास्थ्य तथा सामाजिक विकास**

**स्वास्थ्य सेवा**

- समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम मार्फत १६,९७१ जना ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका एवं अशक्तहरूलाई घर-घरमा गई स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि अनुसार ७४५ जनालाई औषधी उपचार खर्च वापत २ करोड १ लाख असी हजार रकम उपलव्ध गराइएको छ।
- विपन्न नागरिक औषधी उपचार सिफारिस अन्तर्गत ३८२  जनालाई नि:शुल्क उपचारका लागि अस्पतालहरूलाई  सिफारिश गरिएको छ।
- दादुरा रूवेला खोप अभियान २०८० अन्तर्गत ९ महिना देखि १५ वर्ष सम्मका ९९,४६२ जना बालबालिकाहरूलाई  खोप लगाइएको छ।
- सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमनका लागि स्वास्थ्य संस्था, विद्यालय लगायतका सार्वजनिक संस्थाहरूको अनुगमन गरिएको र सवै वडा र स्वास्थ्य संस्थामा सूर्तिजन्य पदार्थ निषेधित क्षेत्र घोषणा गरिएको छ ।

**लक्षित वर्ग उत्थान, सशक्तीकरण एवम् सामाजिक समावेशीकरण**

- जनआन्दोलन तथा सबैप्रकारका आन्दोलनमा शहीद तथा वेपत्ता पारिएका परिवारको लागि प्रदान गरिंदै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको र हाल सम्म ९१ जनालाई ६ महिनाको जीविकोपार्जन सेवा वापतको रकम उपलब्ध गराइएको छ।चालु आ.व.मा नया थप ५ जना लाभग्राही सुचिकृत भएका छन्।
- छोरीसँग मेयर कार्यक्रम अन्तर्गत छोरी बीमा कार्यक्रमलाई निरन्तरता दिई हालसम्म ७१४ जना छोरीहरूको बीमा गरिएको छ भने यसै आर्थिक वर्षमा ३ चरणमा २४० छोरीहरूको प्रथम नविकरण सम्पन्न भएको ।

- प्रत्येक वडामा एक मनोसामाजिक विमर्शकर्ता रहने व्यवस्थाका लागि प्रथम चरणमा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि मनोसामाजिक सहयोग सम्बन्धी १५ दिने तालिम सम्पन्न गरिएको छ।

**गैसस**

- महानगरको विकासको साझेदारको रूपमा रहेका गैरसरकारी संघसस्थाहरूका गतिविधिहरूको अभिलेख व्यवस्थापन र समन्वयमा एकरूपता ल्याउँदै चालु आ.व. मा १५ वटा गैरसरकारी संस्थाहरूलाई कार्यसञ्चालन अनुमति प्रदान गरिएको ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ वडा नं. ६ र २६ लाई छनौट गरी वडास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गर्नुका साथै सहभागितात्मक लेखाजोखा विधिबाट छनौटमा परेका ७० घरधुरीका सदस्यहरूलाई उद्यमशीलता विकास तालिम सम्पन्न गर्नुका साथै १५ जनालाई ड्राईभिङ तालिम र १५ जनालाई टपरी बनाउने तालिम सम्पन्न भएको ।

**अपाङ्गता**

- अपाङ्गता भएका व्यक्तिहरूको पहिचानको अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गताको गाम्भीर्यताको आधारमा हालसम्म जम्मा २,२४२ जनालाई अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ, जसमध्ये पूर्ण अशक्त अपाङ्गता ४१२ जना, अति अशक्त अपाङ्गता १३६२ जना, मध्यम अपाङ्गता ४२१ जना र सामन्य अपाङ्गता ४७ जना रहेका छन् भने मध्यम अपाङ्गता भएका ७५ जना व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको ।

**सामाजिक सुरक्षा**

- जन्म, मृत्यु, विवाह दर्ता, सम्बन्ध विच्छेद र बसाईसराईजस्ता पुराना हस्तलिखित व्यक्तिगत घटना दर्ता अभिलेखलाई डिजिटाइज्ड गर्ने कार्य प्रारम्भ गरी हालसम्म ४०,००८ वटा घटनालाई डिजिटाइज्ड गर्ने कार्य सम्पन्न भएको छ भने चालु आर्थिक वर्षमा कुल १३,२०३ व्यक्तिगत घटना दर्ता भएका छन्।
- भरतपुर महानगरपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा लाभग्राहीको सङ्ख्या २८,७८९ रहेका छन् र दोस्रो त्रैमासिकसम्म रू ५७ करोड ३ लाख ५६ हजार २ सय बयानब्बे रूपैया सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिएको छ ।
- सुरक्षित वैदेशिक रोजगारीमा गएका घरपरिवारको स्थितिपत्र विश्लेषण र प्रकाशनका लागि वैदेशिक रोजगारीमा गएका घर परिवार पहिचान र तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न भएको र हाल महानगरमा ३३,७२५ घर परिवार वैदेशिक रोजगारीमा संलग्न रहेको देखिन्छ।

**सहकारी**

- महानगरभित्र संचालित ६ वटा सहकारी संस्थालाई मिल्क एनालाईजर मेसिन, १ वटालाई चिलिङ भ्याट, १ वटालाई राइस मिल स्थापनामा सहयोग, १ वटा तोरी मिल स्थापनामा सहयोगका लागि सहकारी संस्थाहरूलाई उत्पादनमुखी मेशिनहरू ५० प्रतिशत अनुदानमा उपलव्ध गराइएको छ।
- स्व-रोजगार प्रवर्धनका लागि प्रत्येक वडाबाट १/१ जनाको दरले २९ जना युवा युवतीलाई कपाल काट्ने तालिम तथा तीनवटा एड्भान्स व्युटिसियन तालिम सञ्चालन भई रहेको छ ।

## कृषि

- उन्नत बीउमा कृषकलाई अनुदान दिने कार्यक्रम अन्तर्गत ३४ सहकारी समूहमार्फत ९३९ जना कृषकलाई गहुँको बीउ र ३६ सहकारी मार्फत १,२९७ कृषकहरूलाई तोरीको बीउमा अनुदान उपलव्ध गराइएको छ। मागमा आधारित पुष्प खेती प्रवर्धन कार्यक्रममा ९ जना लाभग्राहीलाई अनुदान उपलव्ध गराइएको, २ हजार कृषकलाई तरकारीका सिड किट वडाहरू मार्फत वितरण गरिएको र १० वटा आइ पि एम तालिम सञ्चालन गरी २५० कृषकलाई विषादी रहित तरकारी उत्पादन गर्ने ज्ञान सिकाइएको छ।
- माटो परीक्षणको लागि नमुना संकलन गरी परीक्षण गर्ने क्रममा रहेको र परीक्षणपश्चात् कृषकहरूलाई ७० प्रतिशत अनुदानमा कृषि चुन वितरण गरिने छ।
- महानगरको साना सिञ्चाई निर्माण तथा मर्मत कार्यबाट हालसम्म ७०० वटा वोरिङ वितरणबाट १,२०० विघा क्षेत्रफलमा बाह्रै महिना सिंचाइ सुविधा पुगेको छ भने यस वर्षका लागि पेश भएका प्रस्तावहरूको फिल्ड भेरीफिकेसनको कार्य गरी लाभग्राही छनौट गर्ने चरणमा रहेको छ।
- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङबाट प्राप्त यूरिया २०,७९९ वोरा (१०३९.९५ मेट्रिक टन), डी ए पी ११,६०५ वोरा (५८०.२५ मेट्रिक टन) र पोटास ८,५०० वोरा (४२५ मेट्रिक टन) गरी जम्मा ४०,९०४ वोरा (२०४५.२ मेट्रिक टन) रासायनिक मल ८५ वटा मलको कारोबार गर्ने डिलरहरूमार्फत कृषकलाई वितरण गरिएको छ।

## पर्यटन

- भरतपुर भ्रमण वर्ष २०२४ अभियान सञ्चालन गर्ने निर्णय सँगै भरतपुर महानगरपालिका प्रवेश द्वारमा होर्डिङ बोर्ड, स्ट्याण्ड बोर्ड, ब्यानर, ब्रोसर प्रकाशन, लोगो प्रकाशनलगायत विभिन्न प्रचार-प्रसार सामाग्री प्रकाशन गरी भ्रमण वर्षको प्रचार-प्रसार गर्दै मूल समारोह समिति, निर्देशन समिति, कार्यसम्पादन समिति, विषयगत उपसमितिहरू तथा वडास्तरीय भ्रमण वर्ष प्रवर्धन समिति गठन गरी विभिन्न राजनैतिक, सामाजिक, शैक्षिक, व्यवसायिक, सांस्कृतिक क्षेत्र लगायतका बौद्धिक व्यक्तित्वहरू र अन्य सरोकारवालाहरूसँग भरतपुर भ्रमण वर्ष २०२४ लाई सफल बनाउन छलफल गरिएको छ भने नेपाल पर्यटन वोर्डसँग भरतपुर भ्रमण वर्ष

२०२४ को प्रवर्द्धनका लागि रू ७० लाख रूपैया उपलब्ध गराउने गरी सम्झौता गरिएको छ।

**पशुसेवा**

- प्रति लि. दुधमा रू. ३ अनुदान कार्यक्रम मार्फत ७८ वटा आवेदक संघ/संस्था (सहकारी संस्था ६४ र निजी फर्म १४) मार्फत् करिब २ करोड १३ लाख १२ हजार लिटर दुधको लागि उत्पादन लागत न्यूनीकरण तथा कृषक प्रोत्साहनको निम्ति अनुदान उपलब्ध गराउने कार्य अन्तिम चरणमा रहेको छ |
- माछा मासु पसल लागत सुधार कार्यक्रम अन्तर्गत ४ जना लाभग्राही, निर्वाहमुखी पशुपालन कार्यक्रम अन्तर्गत ६ समूहका लाभग्राही, मागमा आधारित एवम जैविक सुरक्षा कार्यक्रम अन्तर्गत ४५ लाभग्राही छनौट भई कार्यक्रम कार्यन्वयन भइरहेको छ| साथै २५० लाभग्राहीलाई ३५० भन्दा बढी काउम्याट वितरण गर्ने कार्यक्रम अन्तिम चरणमा रहेको छ|
- चालु आ. व. को फाल्गुण मसान्तसम्ममा १५,८३० पशुमा कृत्रिम गर्भाधान सेवा प्रदान गर्नुको साथै २१ हजार भन्दा बढी पशुमा खोप प्रदान, १५० सामुदायिक कुकुरमा निःशुल्क बन्ध्याकरण शिविर कार्यक्रम, ४० हजार भन्दा बढि पशुमा उपचार सेवा प्रदान गरिएको छ।

**रोजगार सेवा केन्द्र**

- २०८० बैशाख १ गते बाट सुरूवात भएको श्रम तथा पुनः श्रम स्वकृति आवेदन कार्यलाई निरन्तरता दिदै हाल सम्म जम्मा ५८६ श्रमिकहरूको श्रम तथा पुनः श्रम स्वकृति आवेदन कार्य सम्पन्न गरिएको छ।
- वैदेशिक रोजगारको क्रममा अपाङ्ग भएका एवम् मृतकहरूले पाउनुपर्ने आर्थिक सहयोगका लागि श्रम विभागसँग समन्वय गरी सहजीकरणको सुरूवात गरिएको छ।
- वडा स्तरमा सञ्चालित आयोजनाहरू मध्ये २ वटा वडामा कार्य सम्पन्न भएको छ भने बाँकी ९ वटा वडामा आयोजनाहरूको काम चलिरहेको छ।
- आ.ब. २०८१/८२ को लागि बेरोजगार व्यक्तिहरूको तथ्यांक संकलन गर्न सम्पूर्ण वडा कार्यालयमार्फत् फारम भर्ने कार्य सम्पन्न गरिएको छ।

**सामान्य प्रशासन / कर्मचारी प्रशासन/जनशक्ति विकास तथा सुशासन**

- चालु आ.व. २०८०/८१मा १० ओटा कार्यपालिका बैठक सञ्चालन भएको छ भने २०८० पौष २२ गते १४ औं नगरसभा सुसम्पन्न भएको छ।
- जनशक्ति परिचालन, तालिम तथा क्षमता विकासका कार्यहरू निरन्तर गरिएको छ भने मातहत र वडा कार्यालयहरूको नियमित अनुगमन गरिएको छ।

- रूजु हाजिरी तथा अनुगमनमा कैफियत देखिएका कर्मचारीहरूलाई कानून बमोजिम स्पष्टीकरण सोधी सचेत बनाउन कार्यलाई अगाडि बढाइएको छ।
- नगर प्रहरीका २८ पदमा पदपूर्ति गरिएको छ भने स्वास्थ्य सेवातर्फको कार्यक्रमका लागि शिवनगर प्रा.स्वा.के. र शारदानगर स्वास्थ्य चौकीमा १४ वटा पदमा पदपूर्ति गरिएको छ।
- हरियाली महानगरपालिका कार्यक्रमका लागि वातावरण व्यवस्थापन महाशाखा अन्तर्गत आवश्यक कृषि प्राविधिक, पेन्टर र माली गरी १४ पदमा पदपूर्ति गरिएको छ।

**कानूनी मामिला / न्यायिक समिति**

- न्यायिक समिति समक्ष ७ वटा फिराद पत्र दर्ता भएका छन्। मेलमिलापको लागि ३६ वटा उजुरी परेकोमा २० वटा मेलमिलापको माध्यमबाट समाधान भएका छन्। न्यायिक समितिबाट हालसम्म ११ ओटा मुद्धा फछ्र्यौट भएका छन्। १ वटा ऐन, २ ओटा कार्यविधि र १ ओटा मापदण्ड यस चौमासिकमा निर्माण भएका छन्।महानगरपालिकाको तर्फबाट ८ ओटा मुद्धाहरूमा प्रतिवाद गरिएको छ।

**आन्तरिक व्यवस्थापन**

- जिन्सी सामानहरूको E-bidding मार्फत् सप्लायर्स छनौट गरी सामान आपूर्ति भइरहेको छ।
- वातावरण महाशाखाबाट सञ्चालन हुने हरियाली  कार्यक्रमका लागि बिरूवा, ट्रि-गार्ड, बोटल केज खरिद गरी हरियाली तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिएको छ।
- कार्यालयको सामग्री मर्मत तथा सम्भार तर्फ सम्झौता बमोजिम नियमित भइरहेको छ।
- कार्यालय व्यवस्थापन सम्बन्धी विविध कार्यहरू कार्यपालिका बैठक, नगर सभा, सार्वजनिक सुनुवाई तथा अन्य नगरस्तरीय सभा समारोहको व्यवस्थापन गरिएको छ।

**नगर प्रहरी व्यवस्थापन**

- नगर प्रहरीको परिचालन मार्फत् नारायणी नदी किनार र बसपार्कहरूमा राजस्व संकलन गर्ने कार्य गरिएको छ।अम्ब्रेला स्ट्रिट, क्रिकेट रंगशाला, मुख्य शहरको मुख्य चोकहरूमा सुरक्षा व्यवस्था गरिएको छ। कार्यालयको सुरक्षा व्यवस्थापन तथा फुटपाथ व्यवस्थापन, मापदण्ड विपरितका संरचना हटाउने तथा केरूङ्गा र पुंगी खोला सिमाङ्कन कार्यमा समेत सहयोग गरिरहेको छ।

**शासकीय सुधार इकाइ/उपभोक्ता हित संरक्षण**

- महानगरपालिकासँग सम्बन्धित १५१ ओटा उजुरी तथा गुनासोको सम्वोधन गरिएको छ।

- चालु आ. व.मा विज्ञ सहितको टोलीबाट ६६४ वटा पसल, व्यवसायको अनुगमन गरिएको छ। अनुगमनको क्रममा ९ वटा पसल व्यावसायीलाई सरसफाइ नभएकोमा जरिवाना समेत गरिएको छ।

## योजना तथा बजेट

- जम्मा नगरस्तरीय योजना -८६(नगर विकास योजनामा समावेश)
- उपभोक्ता समिति मार्फत -२८
- ठेक्का मार्फत -२८
- प्रक्रियामा -४
- सम्झौता भएका योजना -७२
- योजना अनुगमन संख्या -११८
- योजना भुक्तानी सिफारिस -११८
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम -२
- संघीय समपुरक -२
- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम -४
- अन्य योजना -६५

## यस आ.व.को हाल सम्म जम्मा सम्पन्न कार्य

- सडक पिच -३६.७ कि.मी.
- सडक मर्मत कार्य -६.५ कि.मी.
- रोड मार्किङ -४४६५ वर्ग मी.
- पार्क/पुर्वाधार निर्माण -३ वटा
- कल्भर्ट निर्माण -७ वटा
- नाला निर्माण -३.४७ कि.मी.
- विद्यालय/ भवन निर्माण -१७ वटा
- अन्य योजना -२० वटा

## ठेक्काबाट सञ्चालित योजना विवरण

- जम्मा ठेक्का संख्या -९०
- हालसम्म सम्झौता भई कार्य सुचारू भएका योजना संख्या — ५६
- सडक ग्रावेल — २२४० मी.
- मेशजाली -२७२३ मी।

- नाला -६१५ मी
- पार्क -१
- ZOO चिडिया घर - १
- विल्डिङ -७ (नयाँ, तला थप समेत)

**सूचना तथा सञ्चार प्रविधि**

- भरतपुर भ्रमण बर्ष २०२४ समुद्‌घाटन समारोहको प्रचार प्रसारका लागि नेपाल टेलिभिजन र महानगरपालिकाको फेसबुक पेज मार्फत लाइभ प्रसारण गरिएको र विभिन्न अनलाइन, पत्रपत्रिका टेलिभिजन, एफ. एम. लगायत मिडियाहरू परिचालन गरी प्रचार प्रसार गर्ने कार्य गरिएको छ।
- स्थानीय प्रशासनको समन्वयमा २९ वटै वडाका मुख्य मुख्य स्थानहरूमा सीसीटीभी जडान गरी अपराध नियन्त्रणका साथै सडक तथा सार्वजनिक सुरक्षालाई चुस्त दुरूस्त बनाउनका लागि सीसीटीभी जडान कार्य खरिद प्रक्रियामा रहेको छ।
- विकास, सेवा र राजश्व सुधारका लागि डिजिटल र स्मार्ट भरतपुर कार्यक्रम अन्तर्गत जि.आइ.एस. GIS मा आधारित घर नम्वर प्रणाली (Metric system) तयार गरी घर नम्वर प्लेट जडान गर्ने कार्यका लागि आवश्यक कार्य शर्त TOR र लागत अनुमान तयार भएको र आवश्यक बजेट व्यवस्थापनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् संघीय सरकारलाई माग गरी पठाइएको छ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांङ्कनमा ८७.२५% र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांङ्कनमा ७६.५% अंक प्राप्त गरेको नतिजा महानगरको वेभपेज मार्फत प्रकाशन गरिएको छ।

**सहरी पूर्वाधार विकास**

**मर्मत सम्भार**

- महानगरपालिका विभिन्न सडक खण्ड गरी जम्मा ६.५ कि.मि. मर्मत (Overlap) कार्य सम्पन्न भएको ।

**खरिद इकाई**

- दमकलको  ब्रुमर, कम्प्याक्टर खरिद कार्यको लागि ठेक्का सम्झौता भई ब्रुमर र कम्प्याक्टर कार्यालयमा प्राप्त भईसकेको छ भने दमकल आउने प्रकृयामा रहेको छ ।

**समपुरक अनुदान**

- वडा नं. २१ का पाण्डे चोकदेखि वडा कार्यालय सिमानासम्म बोलपत्र आह्वान भई हाल १ करोड ७० लाखमा ठेक्का सम्झौता भई ५० प्रतिशत भौतिक र २० प्रतिशत वित्तीय प्रगति भएको छ।

**शसर्त अनुदान**

- वडा न. ६ को इन्द्रपुरी सडक खण्ड निर्माण सम्पन्न भएको छ।

**प्रदेश सरकारबाट हस्तान्तरित कर्यक्रम अन्तर्गत**

- भरतपुर अस्पताल खानेपानी योजनाको ठेक्का आह्वान भई कार्य समेत सम्पन्न भएको छ ।

**भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) शाखा**

- नयाँ नक्सा पास (नयाँ र तला थप)-५९७
- ( अघिल्ला आ.व का समेत पास भएका)
- अभिलेखीकरण- ३४६ वटा
- निर्माण सम्पन्न संख्या — १३२४ वटा
- नक्सा नामसरी — २८६ वटा
- प्रतिलिप लगेको — १२६ वटा
- संशोधन (नक्सा) — १२५ वटा
- कित्ता संशोधन — ३३ वटा
- कम्पाउण्ड वाल र अन्य जरिवाना — २४० वटा
- निर्माण सम्पन्न जरीवाना — १८७ वटा

## वातावरण तथा विपद व्यवस्थापन

**विपद व्यवस्थापन**

- ०८० चैत्र २३ सम्म बारूण यन्त्रबाट ६३ वटा आगलागीका घटनास्थलमा पुगी आगो नियन्त्रण गर्ने कार्य गरिएको छ। आपतकालीन कार्य सञ्चालन केन्द्र, वडा तथा समुदायका लागि खोज तथा उद्धार सामाग्री खरिद गरिएको छ ।
- विभिन्न विपद्बाट आहत भएका ३७ जना घर परिवारलाई १० लाख १०हजार राहत रकम प्रदान गरिएको छ।
- जाजरकोट भूकम्प प्रभावित ९०० परिवारलाई महानगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत घटना प्रभावित जिल्ला पुगी प्रति परिवार ब्ल्याङकेट एक-एक थान, चामल २५ के.जी. र दाल ५ के.जी. राहत उपलब्ध गराइएको छ भने महानगरका जनप्रतिनिधि, कर्मचारी, शिक्षकको

तलब र महानगरको विपत कोषबाट योगदान रहने गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू १ करोड उपलब्ध गराइएको छ।

**यातायात**

- पूर्वी र पश्चिम चितवनबाट सञ्चालन हुने सवारी साधनहरूलाई २०८१ वैशाख १ गतेबाट लागू हुने गरी चौबीस कोठीबाट पुलचोक, नारायणगढ बसपार्क हुँदै आँपटारी बाइपासबाट केन्द्रीय बसपार्कमा पार्किङ्ग गरी फर्कने व्यवस्था मिलाइएको र सवारी साधनको पिक एण्ड ड्रपका लागि स्थान तय गरिएको छ।

**वातावरण तथा हरियाली प्रवर्द्धन/सरसफाई व्यवस्थापन**

- हरियाली महानगर कार्यक्रम अन्तर्गत बाइपास रोडको डिभाइडरमा वृक्षारोपण कार्य सम्पन्न भएको छ। घेरावारको लागि ठेक्का सम्झौता भई कार्यदिश दिएइको छ ।
- नारायणी नदी किनारामा हरियाली प्रवर्द्धन गर्न वृक्षारोपण कार्य भइरहेको, पार्क निर्माणको लागि ठेक्का स्वीकृत भई कार्य अगाडि बढेको छ।
- प्रचण्ड मार्गमा वृक्षारोपणको लागि ठेक्का स्वीकृत भई सकेको छ।
- दियालो बङ्गलामा सौन्दर्यीकरणको लागि सरसफाई गर्ने, फूल रोप्ने कार्यका लागि बिरूवा खरिद, पानी तान्ने मटर लगायतको व्यवस्थापन कार्य अगाडि बढाइएको छ।
- महानगरको आन्तरिक श्रोत वृद्धिको लागि, केन्द्रीय बसपार्क, नारायणगढ बसपार्क सञ्चालन आय ठेक्का मार्फत ठेक्का स्वीकृत भई कार्यान्वयनमा रहेको र कवाडीजन्य वस्तुहरूको समेत आय ठेक्का स्वीकृत भई ठेकेदार मार्फत सम्झौता भई कार्यान्वयन भई रहेको ।जसबाट महानगरपालिकाको वार्षिक करोडौ रूपिया आय वृद्धि भएको ।
- फोहोरमैला व्यवस्थापनको लागि ठेक्का व्यवस्थापन मार्फत् अगाडि बढिरहेको छ।
- भरतपुर महानगरपालिकाभित्र मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताको खानेपानी महसुल महानगरपालिकाले भुक्तानी गर्ने कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा हालसम्म ५,६३९ घरधुरीलाई ५ लाख ६४ हजार २ सय रकम भुक्तानी गरिएको छ।

**राजस्व**

- आ.व २०८०/०८१ हालसम्म ८२ करोड ८७ लाख ४३ हजार १ सय ९ रूपैया राजस्व संकलन गरी प्रक्षेपण गरिएको रकमको ४७ प्रतिशत राजस्व संकलन गरिएको छ। गतवर्ष यही समयमा करिब ३९ करोड रहेको थियो जुन प्रक्षेपित अनुमानको करिब २७% थियो।

**बजेट कार्यान्वयन**

- आ व २०८०/८१ को जम्मा बजेट – रू ६ अर्ब ४1 करोड ७२ लाख २० हजार रहेको छ ।
- समग्र बजेटमा जम्मा रू २ अर्ब २६ करोड ४६ लाख ३० हजार खर्च भएको छ। जुन समग्रमा बजेटको ३६ प्रतिशत प्रगति हो ।
- चालु बजेटतर्फ रू २ अर्ब ६९ करोड ०८ लाख ६४ हजार रूपियाँ विनियोजित भएकोमा १ अर्ब ३४ करोड २२ लाख १९ हजार ४ सय खर्च भएको छ । जुन चालुतर्फको समग्र बजेटको ४९ प्रतिशत प्रगति हो ।
- पुँजिगत बजेटतर्फ ३ अर्ब ७२ करोड ६३ लाख ६६ हजार रूपियाँ विनियोजना भएकोमा ९२ करोड २४ लाख ११ हजार खर्च भएको छ । जुन समग्र पुँजिगत बजेटको २५ प्रतिशत प्रगति हो ।

**८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

कार्यालय प्रमुखः नरेन्द्र कुमार राना, प्रमुख प्रशासकीय अधिकृत (रा. प. प्रथम, सहसचिव)

सम्पर्क नं. ९८५७८२२८६८

सूचना अधिकारी: मेनका पण्डित, शाखा अधिकृत

सम्पर्क नं. ९८५५०९२२०१

**९. ऐन, नियम, विनियम वा निर्देशनको सूचीः**

**यस त्रैमासिकमा कार्यविधि ३ र निर्देशिका १ वटा पारित गरिएको ।**

**१०. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण**

२०८० माघ १ गते देखि २०८० चैत्र मसान्तसम्मको आय विवरण :

**आम्दानीतर्फ**

आन्तरिक आयः

**मिति २०८०।४।१ देखी २०८०।१२।३० सम्म विभिन्न शिर्षकमा संकलन भएको राजश्व जम्मा रु ८३,५२,३२,१२८ ।**

**व्यय विवरण :**

२०८० चैत्र मसान्त सम्मको खर्च विवरण

| **विनियोजित रकम** | **बार्षिक बजेट (रु हजारमा)** | **खर्च रकम (रु हजारमा)** |
|---|---|---|
| १ चालुतर्फ | २६७१४८४ | १५४८२३६ |
| २ पूँजिगततर्फ | ३७२६३६६ | १०७२९ |
| जम्मा | ६३९७८५० | १५४९३०८ |

**११. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः**

| क्र स | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | रबि भण्डारी, पोखरा | क्यालेन्डरमा विज्ञापन प्रकाशन,सूचना अधिकारीको विवरण लगायतका विभिन्न प्रकारका सूचना माग भएको | २०८०।१२।१४ | १४१२२ | प्रकृयामा रहेको । |
| २ | इश्वर तिवारी,हल्दीबारी झापा | बनको विवरण, सूचना अधिकारीको विवरण, बेरुजुको अवस्था लगायत विविन्न सूचनाहरु | २०८०।१२।२३ | १४७१० | प्रकृयामा रहेको । |
| ३ | शिवनारायण मानन्धर, पोखरा | टेन्डर नोटिस प्रकाशन, जन प्रतिनिधिको विवरण लगायतका विभिन्न सूचनाहरु | २०८०।१२।२३ | १४७११ | प्रकृयामा रहेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | रोशिका खड्का, बोडे भक्तपुर | सूचना अधिकारीको विवरण, कर्मचारी विवरण लगायत अन्य विवरण | २०८०।१२।२३ | १४७०९ | प्रकृयामा रहेको । |